म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर
म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ४५ २०८१ पुस १७ गते बुधबार 1 January 2025, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

नयाँ वर्षको शुभकामना

ईश्वी सम्वत्को नयाँ वर्ष २०२५ को शुभ अवसरमा हाम्रा सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभेच्छुक सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ, सम्पादक
एवम् समृद्ध समाज राष्ट्रिय दैनिक परिवार
हेटौंडा, मकवानपुर

## सरकार ढल्छ, टिक्दैन भन्ने तर्कमा सत्यता छैनः महामन्त्री थापा



मेलमिलाप कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महामन्त्री थापा ।

**समाज संवाददाता**

हेटौंडा : नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सरकार ढल्छ, टिक्दैन भन्ने तर्कमा कुनै सत्यता नरहेको बताउनुभएको छ । उहाँले आगामी निर्वाचनसम्म सरकार दायाँबायाँ नहुने पनि दावी गर्नुभयो । ४९ औं मेलमिलाप तथा राष्ट्रिय एकता दिवसको अवसरमा नेपाली कांग्रेस मकवानपुरको आयोजनामा हेटौंडामा भएको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महामन्त्री थापाले कांग्रेस माथि चौतर्फी घेराबन्दी रहेको बताउनुभयो ।

कांग्रेस कमजोर बनाउन गठबन्धन र साझेदारी बाहिरबाट घेराबन्दी भइरहेको उहाँको भनाई थियो । उहाँले कांग्रेस विचार र सिद्धान्तमा टिकेको पार्टी भएको दावी गर्नुहुँदै पटक-पटक देशलाई निकास दिँदै आएको कांग्रेसले तत्कालको फाइदा भन्दा पनि संविधान पालनालाई प्राथमिकतामा राखेको स्पष्ट पार्नुभयो । कांग्रेस अन्य दलहरुको जस्तो मिसन २०८४ को एजेण्डामा नरहेको उहाँले बताउनुभयो । राष्ट्रको समस्या हल गर्ने कांग्रेसको भूमिका रहनुपर्ने महामन्त्री थापाको भनाई छ । दलहरुको कमजोरी र समस्याको भारी संविधान र व्यवस्थालाई बोकाउन नहुने जीकिर गर्नुहुँदै महामन्त्री थापाले व्यवस्थाको चिरस्थायीका लागि संविधानको अभ्यास अनुसार पुनरावलोकन गर्नुपर्ने उल्लेख गर्नुभयो ।

'संविधानको विधि, प्रक्रिया अनुसार सरकारले काम गरिरहे पनि देशभित्र उकुसमुकुस छ । अहिले नागरिकले विकास, समृद्धि र आथिक उपार्जनको माग छ । कांग्रेसले अब त्यो माग पूरा गर्नुपर्छ', महामन्त्री थापाले भन्नुभयो, 'संविधानमा रहेका कमिकमजोरी सच्याउने र व्यवहारमा ठिक ढंग अघि बढ्न संविधान संशोधन गर्नेगरी सत्ता साझेदार दलहरु बीच संयन्त्र निर्माण भएको छ । सो संयन्त्रले साझा धारणा निर्माण गरेर अन्य दलसँग संवाद गरेर संरचनागत एजेण्डामा छलफल गरिने छ ।'

उहाँका अनुसार विशेषगरी संविधानले व्यवस्था गरेका समावेशीता, संघीयता लगायतका व्यवस्थालाई खलल पुऱ्याउने विषयमा पुनरावलोकन गर्न कांग्रेस तयार छैन । कांग्रेसले निर्वाचन प्रणालीलाई सुदृढ गरी ४० प्रतिशत मत ल्याउने पार्टीले ५ वर्ष सरकार चलाउने व्यवस्था गर्नेगरी छलफल गरिरहेको उहाँले जानकारी दिनुभयो । केही व्यक्तिले गरेको गलत क्रियाकलापको कारण नागरिकहरु माझ नैराश्यता बढेको उहाँले बताउनुभयो । एक व्यक्तिले गरेको गल्तीको दोष व्यवस्थालाई बोकाउनु गलत भएको उल्लेख गर्नुहुँदै कांग्रेस, एमाले र माओवादी बसेर सबै फाइलको लिस्ट तयार गरी खोल्ने काम गर्न महामन्त्री थापाले आग्रह गर्नुभयो । दोषी उम्कनु हुँदैन, निर्दोष फस्न हुँदैन भन्ने कांग्रेसको नीति रहेकाले राज्यले सबैलाई समान रुपमा व्यवहार गर्दै कानुन अनुसार संचालन हुनुपर्ने उहाँको भनाई छ ।

सहकारी ठगीमा कांग्रेसका कोहि नेता कार्यकर्ता जोडिए तत्काल पक्राउ गरी कानुन अनुसार कारवाही गर्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो । कांग्रेसबाट आफू स्वयम् नै भ्रष्ट्राचारको अभियोगमा पक्राउ परेमा पार्टीको झण्डा बोकेर सडकमा नआउन महामन्त्री थापाले आग्रह गर्नुभयो ।

'नागरिकलाई बलियो बनाउने सरकार शक्तिशाली हुन्छ । नागरिकका अपेक्षा अहिलेकै अवस्थामा पूरा हुन सक्दैन । नागरिकको आवश्यकता स्टन्टबाजीले पनि चल्दैन । सरकारले नागरिकलाई डेलिभरी दिने गरी केही कानुन संशोधन गर्ने तयारी छ । नेपालमा आइटी क्षेत्रमा ठूलो सम्भावना छ । तर, लगानीको वातावरण बनाउन जरुरी छ । त्यसका लागि छिट्टै कानुन संशोधन गर्ने तयारी छ । नेपालमा काम गर्न सजिलो छ भन्ने वातावरण तयार गर्नुपर्छ', थापाले भन्नुभयो ।

पार्टीको महाधिवेशन समयमा हुँदैन भन्ने विश्लेषण गर्न जरुरी नरहेको बताउनुहुँदै कांग्रेसले विगतमा प्रतिबन्धित कालमा पनि आफ्नो प्रक्रिया पूरा गरेको महामन्त्री थापाले जानकारी गराउनुभयो । पार्टीलाई सक्रिय र जिम्मेवार बनाउन आगामी दिनमा पनि महाधिवेशन समयमै हुनेमा ढुक्क हुन उहाँले नेता तथा कार्यकर्ताहरुलाई आग्रह गरे । उहाँले आगामी निर्वाचनको समयमा कांग्रेसले परिणाम पत्र बोकेर नागरिक माझ जानुपर्ने बताउनुभयो । जिम्मेवारी र जवाफदेहीतासहित ३ वर्ष काम गरेर देश केही हुँदैछ भन्ने सन्देश दिन जरुरी रहेको उहाँले औंल्याउनुभएको छ ।

## नरभक्षी बाघ मनहरीबाटै नियन्त्रणमा



डार्ट गरेपछि बेहोस अवस्थाको नरभक्षी बाघ ।

**समाज संवाददाता**

हेटौंडा : मकवानपुरको मनहरी गाउँपालिका-५, बसन्तपुरमा एकजना वृद्धाको ज्यान लिनुका साथै पशुचौपाया समेत मारेको नरभक्षी बाघलाई मंगलबार साँझ निकुञ्जको प्राविधिक टोलीले डार्ट गरेर नियन्त्रणमा लिएको छ । स्थानीय ७२ वर्षीया कान्छीमाया रुम्बालाई आइतबार साँझ आक्रमण गरी मारेको बाघलाई करिब ४८ घण्टाको अवधिमा मंगलबार साँझ ६ बजेर १८ मिनेटको समयमा डार्ट गरेर नियन्त्रणमा लिएको हो ।

वडा अध्यक्ष दीपेन्द्र अधिकारीका अनुसार बाघले मारेको बाख्रालाई नै पासो थापेर चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जको प्राविधिक टोली, नेपाली सेना, प्रहरी र स्थानीयको साथ, सहयोगमा नरभक्षी बाघ नियन्त्रणमा लिन सफल भएको जानकारी दिनुभयो । निकुञ्जका प्राविधिक टोलीका अनुसार ९ वर्षीया वयस्क पोथी बाघलाई पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको संयुक्त टोलीले चार वटा हात्तीको प्रयोग गरेर नियन्त्रणमा लिइएको हो । बाघलाई नियन्त्रणमा लिन चितवनबाट २ वटा र पर्साबाट २ वटा हात्ती ल्याइएको थियो ।

बाघले आक्रमण गरेर मारेको बाख्रालाई नै पासोको रुपमा राखिएको र निकुञ्जको प्राविधिक टोलीले पासो राखिएको नजिकै बाँसको झाङमा मचान बनाएर बाघको प्रतिक्षा गरेको थियो । पासो बनाएर राखेको आफैँले मारेर छाडेको बाख्रा खान आएपछि प्राविधिक टोलीको पहिलो प्रयासमै बाघलाई डार्ट गर्न सफल भएको वडाध्यक्ष अधिकारीले बताउनुभयो । निकुञ्जका अधिकारीका अनुसार बाघले गरेको सिकार गरेको क्षेत्रमा दोहोऱ्याएर सिकारको खोजी गर्दै आउने तथा सिकार गरेर छाडेको वस्तु खान फेरि पनि आउने प्रवृत्तिलाई विश्लेषण गरेर बाघले मारेको बाख्रा नै पासोको रुपमा राखेको थियो ।

नियन्त्रणमा लिइएको बाघलाई पर्सा राष्ट्रिय निकुञ्ज लगिएको छ । नरभक्षी बाघ नियन्त्रणमा लिन चितवन राष्ट्रिय निकुञ्जबाट एकजना पशु चिकित्सकसहित ४ जना, पर्सा राष्ट्रिय निकुञ्जबाट ७ जना, नेपाली सेनाका ९ जनासहित एउटा समूह २ दिनदेखि बाघ नियन्त्रणको प्रयासमा थियो । बाघ नियन्त्रणमा लिएसँगै स्थानीय खुसी भएका छन् । आइतबार साँझ मनहरी-५, बसन्तपुरमा वृद्धाको ज्यान लिएको बाघले राती पनि स्थानीयको खोर मै पुगेर खसी, बाख्रा खाइदिएपछि त्रसित बनेका स्थानीय बाघ नियन्त्रणमा आएसँगै सुरक्षित महसुस गरेका छन् । मनहरी क्षेत्रमा चितवन र पर्सा राष्ट्रिय निकुञ्जबाट आएको वन्यजन्तु बाघ, हात्ती र गैंडाबाट आक्रमण हुने गरेको छ । वन्यजन्तुको आक्रमणबाट मनहरीमा मानवीय, पशुचौपाया, भौतिक संरचना, खाद्यान्न बाली, तरकारी बालीमा समेत क्षति पुग्ने गरेको छ ।

## आजबाट सन् २०२५ सुरु

**समाज संवाददाता**

हेटौंडाः आज बुधबारबाट नयाँ वर्ष सन् २०२५ सुरु भएको छ । अंग्रेजी वर्षसमेत भनिने ईस्वी सम्वत् (सन्) २०२५ को आज बुधबार पहिलो दिनलाई विश्वभर नयाँ वर्षको रुपमा मनाइने गरिएको छ ।

ग्रेगोरियन पात्रोअनुसार आजबाट सन् २०२४ लाई बिदाई गर्दै नयाँ वर्ष २०२५ को सुरुवात भएको छ । नयाँ वर्षको अवसरमा विश्वभर विभिन्न देशमा विभिन्न प्रकारका सांस्कृतिक लगायतका कार्यक्रहरुको आयोजना गर्दै उल्लासपूर्वक नयाँ वर्ष मनाइँदैछ । इसाइ धर्मावलम्बीहरुले परमेश्वर मान्ने यशु क्राइस्टलाई फाँसी दिएपछि ईस्वी सम्वत् (सन्) को सुरुवात गरेको मान्यता छ ।

नयाँ वर्षमा इसाई धर्मावलम्बीहरुले यशुलाई सम्झँदै अंगुरको रस र रोटी खाने प्रचलन रहँदै आएको बताइएको छ । पर्यटकको भीडभाड हुने नेपालको राजधानी काठमाडौंको ठमेल, बौद्ध, पोखरा, चितवन, रामेछाप र बागमती प्रदेशको राजधानी हेटौंडालगायत स्थानमा 'न्यू इयर इभ' नाम दिएर विविध कार्यक्रमको आयोजना गर्ने गरिएको छ । बागमती प्रदेशको राजधानी हेटौंडामा पनि नयाँ वर्षको अवसर पारेर सडक खाना महोत्वसको आयोजना गरिएको बताइएको छ । अन्तर्राष्ट्रिय सम्वत् भएकाले विदेशमा बसोबास गर्ने र अन्तर्राष्ट्रिय संघसंस्थामा काम गर्नेले यो पर्व विश्वभर मनाउने गर्छन् ।

## अहिलेको सरकार नटिके व्यवस्था टिक्दैनः सभापति बानियाँ

**समाज संवाददाता**

हेटौंडा : नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले अहिलेको सरकार टिकेन भने व्यवस्था नटिक्ने बताउनुभएको छ । उहाँले एमाले-कांग्रेस गठबन्धनको वर्तमान सरकार बलियो जगमा उभिएको बताउनुभयो ।



मेलमिलाप कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कांग्रेस नेता इन्द्रबहादुर बानियाँ ।

४९ औं मेलमिलाप तथा राष्ट्रिय एकता दिवसको अवसरमा नेपाली कांग्रेस मकवानपुरद्वारा हेटौंडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सभापति बानियाँले कसैको पद जोगाउन अहिलेको गठबन्धन नगरिएको बताउनुभयो । सुशासन, विकास र समृद्धिका लागि वर्तमान गठबन्धनको सरकार बनेको उहाँको भनाई छ । जनतालाई डेलिभरी दिन यो सरकार बनेको दावी गर्नुहुँदै सरकार जिम्मेवार, जवाफदेही बनेर युवा पलायन रोक्न, रोजगारी सृजना, उत्पादन र उत्पादकत्व बढाउने विषयमा काम गर्नुपर्ने बताउनुभयो । वर्तमान सरकारले नराम्रो नगरेको तर, नागरिकमा आशा जगाउन पनि नसकेको उहाँको भनाई छ ।

वर्तमान व्यवस्था जोगाउन एमाले-कांग्रेसको गठबन्धन बनेको सभापति बानियाँले जीकिर गर्नुभयो । नागरिकहरुका लागि गणतन्त्र भन्दा राम्रो व्यवस्था अरु हुन नसक्ने उल्लेख गर्नुहुँदै नेता बानियाँले देशमा अहिले २ थरीका व्यक्तिहरु रहेको,

...बाँकी पृष्ठ ४ मा

## प्रेस स्वतन्त्रता हननको घटना वृद्धि भएकोमा पत्रकार महासंघको ध्यानाकर्षण

**समाज संवाददाता**

हेटौंडाः प्रेस स्वतन्त्रता हननको घटना वृद्धि भएको भन्दै नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले ध्यानाकर्षण गराएको छ । विगत वर्षको तुलनामा यस वर्ष सन् २०२४ मा प्रेस स्वतन्त्रता हननका घटना वृद्धि भएकाले पत्रकार महासंघ केन्द्रीय समितिले ध्यानाकर्षण गराएको हो ।

महासंघ केन्द्रीय समितिका महासचिव रामप्रसाद दहालले विज्ञप्ति जारी गर्नुहुँदै समाचार लेख्दा र सूचना माग्दा पत्रकारमाथि धम्की दिने, गिरफ्तार र हत्या गर्नेसम्मका घटनाका कारण प्रेस स्वतन्त्रता यसवर्ष चुनौतीपूर्ण रहेको जानकारी गराउनुभएको छ । राष्ट्रिय दलित पत्रकार संघ कैलालीका सहसचिव सुरेश भुलको हत्या भएको घटनाको प्रारम्भिक रिपोर्ट हेर्दा उक्त घटना लक्षित हत्या भएको देखिएको विज्ञप्तिमा भनिएको छ ।

समाचार लेखेकै कारण ज्यान लिनेसम्को धम्की खेपिरहेका इटहरीका पत्रकार गोपाल दाहालका सम्बन्धमा महासंघले मिडिया मिसन खटाउनु परेको विज्ञप्तिमा उल्लेख छ । समाचार लेखेकै कारण राज्यको नेतृत्व तहमा रहेका तथा जनताको प्रतिनिधि भनिएकाबाट पत्रकारमाथि भएको धम्की, धरपकड तथा दुर्व्यवहारका घटना अत्यन्त निन्दनीय लोकतन्त्रमाथिकै प्रहार भएको महासंघले आरोप लगाएको छ ।

नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन शाखामा यो वर्ष प्रेस स्वतन्त्रता हननका ६० वटा घटना अभिलेख भएको विज्ञप्तिमा उल्लेख छ । विगतका वर्षको तुलनामा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटना वृद्धि भएको बताइएको छ । सन् २०२३ मा प्रेस स्वतन्त्रता हननका ५८ र सन् २०२२ मा ५३ वटा घटना अभिलेख भएकोमा यस वर्ष प्रेस स्वतन्त्रता हननका ६० वटा घटना हुँदा ३४ जना पत्रकार महिला र १ सय १३ जना पुरुष पत्रकार पीडित भएको महासचिव दहालले बताउनुभयो । घटनाबाट १३ वटा सञ्चार संस्था प्रभावित भएको बताइएको छ ।

सन् २०२४ मा नेपाली प्रेस जगतले अपेक्षाअनुसारको प्रेससम्बन्धी कानुन पाउन नसकेको बताइएको छ । लामो सयमदेखि प्रतीक्षारत मिडिया काउन्सिल विधेयकले पूर्णता नपाएकाले सरकारले सूचना प्रविधि विधेयक, सामाजिक सञ्जाल व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विधेयक ल्याउने तयारी गरिरहेको बताइएको छ ।

महासंघले विगतदेखि नै सञ्चार सम्बन्धी कानुनलाई व्यवस्थित गर्न र संविधानको मर्मअनुसार कानुन निर्माण गर्न सरकारलाई आग्रह गर्दै आएको विज्ञप्तिमा उल्लेख गरिएको छ । महासंघ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारको भौतिक तथा व्यावसायिक सुरक्षामा प्रतिबद्ध रहेको दावी गरिएको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हननका घटनामा सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन महासंघले सरकारसँग जोडदार माग गरेको छ । सरकारले ल्याउने प्रेससम्बन्धी कानुन, प्रेस स्वतन्त्रताका विश्वव्यापी मान्यता र हाम्रा संवैधानिक प्रावधानका आधारमा मिडियामैत्री बनाउन अनुरोध गरिएको छ ।

# Healthy food for Winter



✍Saroj Prasad Sah



Winter demands a diet rich in warmth and nourishment to boost immunity and maintain energy levels for people of all age groups. Root vegetables like carrots, sweet potatoes, and radishes provide essential vitamins and antioxidants, while leafy greens such as spinach and mustard leaves are rich in iron and vitamin C, supporting overall health. Whole grains like millet and barley help keep the body warm due to their high energy content. Protein sources like lentils, beans, eggs, and lean meats strengthen immunity, while nuts, seeds, and dried fruits offer healthy fats and nutrients essential for skin and joint health during colder months. Seasonal fruits like oranges, guavas, and pomegranates supply vital vitamins to ward off winter illnesses. Additionally, warm beverages like herbal teas, soups, and turmeric milk not only provide comfort but also support digestion and immunity. Incorporating these foods into daily meals ensures that all age groups stay healthy, energetic, and resilient throughout the winter season.

# भाइबहिनीका किताब




**ज्ञानोपयोगी कथाहरू**
**संकलक: योगेश 'वराहक्षेत्र'**
**प्रकाशक: मञ्जरी प्रकाशन**
**मूल्य: रु. २३५/-**
**उमेर समूह: १२ देखि माथि**


बालबालिकालाई नैतिक आचरणयुक्त बनाउनु शिक्षाको महत्वपूर्ण उद्देश्य हो । वर्तमान विज्ञान र प्रविधिको युगमा धेरैजसो भाइबहिनीहरुलाई 'व्यहोरा नभएको' भन्ने आरोप पनि आउने गरेको छ । खासगरी हजुरबुबा(हजुरआमा पुस्तासँगको दुरी बढ्दै जाँदा पनि यो समस्या देखा परेको हो । कतिपय अवस्थामा पारिवारिक कारणले पनि यस्तो भैरहेको छ । बाजेबज्यैको पुस्तासँग टाढा भएका भाइबहिनीहरुले बूढापाकाबाट नीति तथा संस्कारका कुरा सिक्ने अवसर पनि गुमाउँदै गइरहेका छन् ।

पहिलेपहिले बूढापाकाले साँझबिहान नातिनातिनालाई आफूले जानेसुनेका लोककथा, दन्त्यकथा तथा पौराणिक कथाहरु सुनाउँथे । ती कथाले नैतिकवान् र संस्कारी बन्न सिकाउँथे । अबको समयमा बाजेबज्यैले भनिदिने त्यस्ता कथा बालबालिका आफैँले खोजेर पढ्नुपर्ने बाध्यता छ । त्यसका लागि 'ज्ञानोपयोगी कथाहरु' उपयुक्त विकल्प हुनसक्छ । यो किताबमा पूर्वीय सभ्यतासँग जोडिएका साथसाथै विभिन्न चर्चित व्यक्तित्वका जीवनीसँग जोडिएका चाखलाग्दा तर छोटाछरिता ११५ वटा कथाहरु छन् । प्रत्येक कथाको अन्त्यमा त्यो कथाको मूल सन्देश पनि राखिएको छ ।

मुख्यरुपमा बालबालिकाका लागि भनिए पनि यो किताब अभिभावकका लागि पनि उत्तिकै प्रभावकारी छ । यो किताबको अध्ययनपछि भाइबहिनीले आफूले आफैँलाई मूल्यांकन गर्न पनि सजिलो हुन्छ । मञ्जरी प्रकाशन, काठमाडौंले प्रकाशित गरेको यो किताबको मूल्य २३५/- रुपैयाँ रहेको छ । हेटौंडाका भाइबहिनीले भैरबरोडमा रहेको किताबघरबाट यो किताब प्राप्त गर्न सक्नुहुनेछ ।

# चित्रकला





**सुप्रिया महतो**
**कक्षा-५, नवोदय शिशु सदन**
**हेटौंडा-४**






**सुप्रभी अधिकारी**
**कक्षा-१, सिद्धार्थ शिशु सदन**
**हेटौंडा-५**







**प्रशन्न ढकाल**
**कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४**




Name: Aarogya Shrestha
Class:4
School: Solidarity International Academy, Hetauda-10






**दिपाली साह**
**कक्षा-३, निर्मल मावि, हेटौंडा-१९**





**रौनक केबी**
**कक्षा-३, जीएस निकेतन**
**हेटौंडा-५**

# बुहारी



**कृतिका हुमागाईं**

माया र सम्मान पायो भने बुहारी
सासु ससुरालाई आमा बुबा झैं मान्छे, त्यो हो हामी नारी

सासु ससुराले बुहारीलाई छोरी झैं माया गरिदिए
बुहारीले पनि उहाँहरुलाई आमा बुबा झैं सम्मान गरिदिए

छोरी बुहारीमा अन्तर नै हुन्न
परिवार पूर्ण हुन कुनै विवाद नै हुन्न

आफ्नो आमा बुबा छोडेर आएकी छोरी कुनै घरको बुहारी हुन्
बुहारीले सासु ससुरालाई आमा बुबा झैं माया गरे
उहाँहरुलाई बुबाप्रति छोरीको अभाव आफैं जान्छ

कति घरमा देखेको छु, बुहारीले छोरालाई आमा बुबाबाट भन्दा
भने सासु ससुरा लोग्नीद्वारा बुहारी माथि अत्याचार हुन्छ

दहेजको कारण बन्छ उसको ज्यानको
अन्जान हुन्छ, माइती बिना ध्यानको

कसैले बुहारीलाई सधैं दोष दिन्छन् ।
बिर्सन्छन् उनी पनि कसैको छोरी हो ।

त्यसैले सबैले मनमा राखौं यो कुरा हो
आफ्ना हुन सबै माया गर्यौं र बुझौं यो कुरा

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*

# तिमीलाई माया



**सिद्धान्त सुवेदी**

उनी टाढा भए पनि
मेरो मनमा सधैं बस्नेछिन्
हावा झैं जीवनभरि
मसँगै सास फेर्नेछिन्
तिम्रा हँसिला झंकार
मेरो दिनको उज्यालो
तिम्रा ती आँखा
मेरो सपनाको महल तालचाबी

आठ वर्षको दुरीले
मेरो मनलाई रोक्न सकेन
मेरो पत्रका शब्दले
तिम्रा हृदय खुल्न सकेन
तर तिमीलाई बुझ्न
मलाई समय लाग्दैन
म तिम्रो खुसियालीको
रङ्गीन बादल पनि बन्न सकिन

मेरो जिद्दी स्वभाव
कहिलेकाहीँ
तिमीलाई चोट पुर्‍याउँछ होला
तर मनको कुनामा
तिम्रो माया सधैं रमाउँछ
दुरीको हर अग्निपरीक्षा
मैले जितेको छु
तिमीसँगको जीवन
मेरो परिभाषा बन्ने छ
तिमीसँगैको मेरो जिवन
साँचिकै सम्पूर्ण बन्ने छ ॥

*कक्षा-१०, जी.एस. निकेतन*
*हेटौंडा-५*

# आमा नभएकी च्यान्टी



**मनिष हुमागई**

कस्तो हुन्थ्यो भोक लाग्दा मकै खाना पाए
म पनि त स्कुल जान्थैं पढ्न लेख्न पाए
राम्रो नाना मीठो खाना कस्तो हुन्छ कुन्नी
मेरो मनको बेदनालाई को पो छ र सुन्नी

बिहान उठी गर्नुपर्छ घरको सारा काम
लेक बेसी धाउनुपर्छ नझुल्किँदै घाम
गाउँका साथी स्कुल जाँदा धुरुधुरु रुछ
गधासरी भारी बोकी लुरुलुरु हिँड्छ ।

कस्तो कोखमा जन्म लिन्छु मानिसको चोला
साथमा आमा भाको भए पढ्न पाउथैं होला
गाउँका सबले कुरा गर्छन् अभगी यो कान्छी
सारा दुःख भोगेकी म च्यान्टि हुँ म च्यान्टि

*कक्षा-४, कमला आधारभूत विद्यालय*
*हेटौंडा-१८*

# याद



**समृद्धि धिताल**

कसैको यादमा रात बिताउने गर्छु म
कसैको यादमा आँखा भिजाउने गर्छु म
मनमा भक्कानो छुटेर आउँछ जब उसलाई सम्झन्छु
अहिले एक्लोपन लाग्छ जब बिगतका कुरा याद गर्छु

बाँचिरहेको छु उसले भनेको कुरा सम्झेर
सायद जीवन सक्किन्छ उसलाई पर्खेर
थाहा छ, आउन सक्दैनौ मबाट धेरै टाढा छौ
तर तिमी मात्र तिमी नै मेरो पहिलो प्रेम हौ

टोलाउने गर्छु म तिम्रो यादमा सदा
छोडी जाने बेला मागेनौ मसँग बिदा
तिमीसँग बिताएको हरेक पल अहिले याद आउँछ
त्यही पल सोचेर मेरो मनले आनन्द पाउँछ

उसको यादले किन यति सताइरहेको छ
अब फेरि एक बन्न मिल्दैन र ?
बोलाउ तिमीसँग तिम्रो याद आइरहेछ मलाई
थाहा छ असम्भव छ तर,
तिम्रो यादले सताउछ मलाई

*कक्षा-८, प्रगति मावि, हेटौंडा-९*

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर**

# परिवर्तन यात्रा



**आराध्या तिमल्सिना**

अर्पना, रुपना र फगनी मिल्ने बहिनीहरू थिए । सबैले उनीहरूलाई माया गर्थे । उनीहरू तीनै जना पढाइमा जान्ने थिए । एक दिन फगनी, रुपना र अर्पनाले बाआमासँग घुम्न जाने निर्णय गरे । आमाबुबाले हुन्छ भन्नुभयो ।

उनीहरु घुम्न जान लाग्दा, रुपनालाई पेट दुख्न थाल्यो । उसले शौचालयमा गएर आफ्नो कपडामा रातो दाग देखी र बाहिर आएर आमालाई बेस्सरी अङ्गाल्दो हाल्दै रोई । आमाले सोध्नुभयो, “के भयो, नानी ? किन रोएकी ?”

रुपनाले रुन्दै भनिन्, “आमा, मलाई थाहा छैन, कसरी यो हो मेरो लुगामा र गत लागेको हो भनेर ।”

आमाले छोरीको कुरा सुनेर तुरुन्तै पोल्टाबाट साँचो झिकेर रुपनालाई घरभित्र बोलाउनु भयो र ढोका बन्द गर्नुभयो ।

आमाले सबैलाई बाहिर बस्न भन्नुभयो र ढोका खोल्नुभयो । उहाँले भन्नुभयो, “तिमी त महिनावारी भएको रहेछ्यौ । नडराऊ, केही भएको होइन । यो त तिमी ठूली भएकी लक्षण हो । अब तिमी परिपक्क र स्वस्थ छौ ।”

सबैजना आत्तिँदै सोध्न थाले, “के भयो ?” आमाले ढोका खोल्दै भन्नुभयो, “केही भएको छैन । हाम्री छोरी अब ठूली हुँदै गएकी छिन् ।”

अर्पना र फगनीले भने, “के भयो रुपनालाई ? रुपना कसरी ठूली भई ?”

आमाले सबैलाई सबै कुरा विस्तार पूर्वक बताउनु भयो, “रुपनाले अब महिनावारी सुरु गरेको छ । यो प्राकृतिक प्रक्रिया हो । तिमीलाई केही भएको छैन, अब तिमी ठूली हुँदै छौ । तिमीले पोसिलो खानेकुरा खानुपर्छ, आराम गर्नुपर्छ र मन र दिमागमा राम्रा कुरा सोच्नुपर्छ ।”

आमाको कुरा सुनेर रुपनाले भनिन्, “हो, यो त महत्वपूर्ण कुरा रहेछ । अब म नारी बन्ने प्रक्रिया सुरु भएको रहेछ । म ठूली भएछु । हजुरहरूले भन्नुभएको सबै कुरा म मान्ने छु र ज्ञानी पनि बन्ने छु ।”

रुपनाको कुरा सुनेर बाबाले उनलाई अङ्गालो मारेर भन्नुभयो, “मेरो प्यारी छोरी, म तिमीलाई सधैँ साथ दिनेछु ।”

तर आमाले भन्नुभयो, “पख्नु, पख्नु, रुपनालाई छुनु हुँदैन ।”

आमाको कुरा सुनेर सबै जना अचम्मित भए र एकअर्काको मुख हेरे । आमाले थप्नुभयो, “रुपनाले बाबालाई र दाजुभाइलाई छुन हुँदैन । ऊ अब ७ दिनसम्म एउटै कोठामा बस्नुपर्छ ।”

बाबाले भने, “तिमी के कुरा गर्छौ, शान्ति ?

के जमानामा छौ तिमी ?” आमाले जवाफ दिनुभयो ।

“मैले पहिले पनि भनेको थिएँ । महिनावारी भनेको प्रकृतिले दिएको अमूल्य उपहार हो । तिमीले गरेको कुरा अन्धविश्वास हो । हामीले हाम्रो छोरी रुपनालाई साथ र सहयोग गर्नुपर्छ । अहिले उसको जीवनमा नयाँ कुरा भइरहेको छ ।” बाबाले भन्नुभयो ।

आमाले केही सोच्दै भन्नसभयो, “तपाईँले ठीक भन्नुभएको रहेछ । हामी सबैले रुपनाको साथ दिनु पर्छ ।”

यसपछि सबै परिवारका सदस्य खुसी भए र रुपनाले आफूसँगको परिवर्तनलाई स्वीकार गर्न थालिन् । त्यसपछि घरमा र माइलो वातावरण फैलियो र सबैले यो प्रक्रिया एक अवसरको रूपमा हेर्न थाले । रुपनालाई आत्मविश्वास र स्नेह दिइरहे ।

यो कथा देखाउँछ कि महिनावारीको विषयलाई खुलेर र सचेतताका साथ स्वीकार गर्दा परिवारका सदस्यहरूलाई पनि यसको महत्व बुझ्नमा मद्दत पुग्छ । परिवारको समर्थन र सन्देशले रुपनालाई आफ्नो नयाँ अवस्थाको महत्व र यसको सकारात्मक पक्ष बुझ्नमा सघायो ।

*कक्षा-४, नवोदय शिशु सदन*
*हेटौंडा-४*




## मानिस हराएको सूचना



नाम : प्रमिला प्रजा
उमेर : २७ वर्ष
ठेगाना : भीमफेदी-३, हाल हेटौंडा-९, चौधघरे
हराइरहेको मिति : २०८१/०९/१२ गतेदेखि ।

कहीं कतै देख्नुभयो भने नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क** : ९८१७२०३४२६

## हार्दिक श्रद्धाञ्जली



जन्म:
२०००/०८/११

**स्व. हर्कबहादुर चौलागाई**

स्वर्गारोहण:
२०८१/०९/१४

मदिरा व्यवसायी संघ मकवानपुर जिल्ला कार्यसमिति सदस्य राजु चौलागाई र दीपेन्द्र चौलागाईका पुजनीय बुबा **हर्कबहादुर चौलागाई**को निधनको खबरले हामी मर्माहत भएका छौं । स्वर्गीय बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**केदार श्रेष्ठ, कार्यवाहक अध्यक्ष**
**एवम् मदिरा व्यवसायी संघ मकवानपुर परिवार**
**हेटौंडा, मकवानपुर**

### बागमती प्रदेश लिग फुटबल

# आज सेमिफाइनल खेल हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी बागमती प्रदेश लिग फुटबल प्रतियोगिता अन्तर्गत आज बुधबार सेमिफाइनल चरणको १ खेल हुँदैछ। हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा दोस्रो संस्करणको प्रदेश लिग फुटबल प्रतियोगितामा फाइनल प्रवेशका लागि समूह 'ख'बाट सिन्धुली जिल्लाको ब्लु अल्पाइन क्लब र दोलखाको टाइगर टिम तिखातालबीच प्रतिस्पर्धा हुनेछ।

बुधबार खेलमा जीत निकाल्ने टिमले फाइनलको यात्रा पूरा गर्नेछन्। बिहीबार हुने अन्तिम सेमिफाइनल खेलमा काठमाडौंको चित्लाङ फुटबल क्लब र ललितपुर फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ। लिगकम नकआउट प्रणालीमा सञ्चालन भएको प्रतियोगितामा ११ जिल्लाको लिग विजेता टिमहरुको सहभागिता रहेको छ।

सोमबार भएको समूह चरणको अन्तिम खेलमा धादिङको धुनिबेसी युथ समाजलाई ३-१ गोल अन्तरले हराउँदै ललितपुर फुटबल क्लब सेमिफाइनलमा प्रवेश गरेको थियो भने सोमबारै भएको पहिलो खेलमा सिन्धुपाल्चोकको चौतारा स्पोर्टिङ क्लबलाई २-१ गोल अन्तरले हराउँदै सिन्धुलीको ब्लु अल्पाइन फुटबल क्लब सेमिफाइनलमा प्रवेश गरेको थियो। समूह चरणको खेलमा सिन्धुली, दोलखा, भक्तपुर र काठमाडौंले दुई खेलहरुमा जीत निकालेर ६ अंक जोड्दै सेमिफाइनलको यात्रा पूरा गरेका हुन्।

अखिल नेपाल फुटबल संघ (एन्फा) को मुख्य सहयोगमा सञ्चालन भएको प्रतियोगितामा प्रदेश खेलकुद विकास परिषद् बागमती र हेटौंडा उपमहानगर पालिकाको पनि सहयोग रहने छ। यस वर्षको प्रदेश लिग फुटबल प्रतियोगिता हेटौंडामा आयोजना गरिएको हो भने गत वर्ष पहिलो संस्करणको प्रतियोगिता नुवाकोट जिल्लामा भएको थियो।

प्रतियोगितामा मकवानपुरको पदमपोखरी युथ क्लब, काठमाडौंको चित्लाङ फुटबल क्लब, सिन्धुलीको ब्लु अल्पाइन क्लब, दोलखाको टाइगर टिम तिखालाल, धादिङको धुनिबेसी युवा समाज, नुवाकोटको बटार युथ क्लब, सिन्धुपाल्चोकको चौतारा स्पोर्टस् क्लब, चितवनको बिएफसी क्लब, ललितपुर र काभ्रेको माउण्ट एभरेष्ट फुटबल क्लबको सहभागिता रहेको थियो। प्रतियोगिता सम्पन्न गर्नका लागि ३१ लाख रुपैयाँको बजेट खर्च हुने अनुमान गरिएको आयोजकले जनाएको छ।

खेलाडीहरुलाई राष्ट्रिय स्तरसम्म पुऱ्याउन, खेलाडी उत्पादनमा जोड दिन, खेलाडीको विकासमा टेवा पुऱ्याउन, खेलको महत्वबारे बुझाउनका लागि प्रतियोगिता आयोजना गरिएको बताइएको छ। प्रतियोगितामा रसुवा र रामेछाप जिल्लाको टिम सहभागी भएका छैनन्। अखिल नेपाल फुटबल संघ (एन्फा) मा यी दुई जिल्लाका फुटबल क्लबहरु आवद्ध नभएका कारण दुबै जिल्लाका क्लब सहभागी हुन नपाएको प्रदेश फुटबल संघले जनाएको छ।

प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कार को व्यवस्था गरिएको छ। प्रतियोगिताको फाइनल खेल पुस २० गते शनिबार हुनेछ।

# सहकारीको उत्पादन प्रदर्शनी तथा बिक्री मेला सुरु



समाज संवाददाता

हेटौंडाः मंगलबारदेखि जिल्ला बचत तथा ऋण सहकारी संस्था मकवानपुरको २० औं स्थापना दिवसको अवसरमा बागमती प्रदेशको राजधानी हेटौंडामा सहकारी तथा सहकारी सेयर सदस्यद्वारा उत्पादित वस्तु प्रदर्शनी तथा बिक्री मेला सुरु भएको छ। 'सहकारीमा सुशासनः प्रविधि र एकीकरणसँगै उत्पादन, बजारीकरण तथा लगानीको आधारः उद्यम प्रवर्द्धन हाम्रो पूर्वाधार' भन्ने नारासहित तीन दिने मेला सुरु भएको हो।

जिल्ला बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। मेलाको उद्घाटन गर्नुहुँदै मन्त्री श्रेष्ठले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकारले पनि नीति तथा नियम बनाएर नियमन गर्ने प्रतिबद्धता जनाउनुभयो।

समुदायमा आधारित नभई व्यक्तिमा आधारित रहेर सहकारी संस्था सञ्चालन गर्दा समस्या उत्पन्न भएको उहाँको भनाइ छ। उद्यमीले उत्पादन गरेका वस्तु बजारीकरणका लागि प्रदेश सरकारले पनि सहयोग गर्ने प्रतिबद्धता मन्त्री श्रेष्ठले जनाउनुभयो।

मेलामा सहकारीहरुले उत्पादन गरेका हस्तकला, खाद्य, मसला, दुग्धजन्य सामग्रीसहितका ४३ स्टल राखिएका छन्। मेला १० हजारले अवलोकन गर्ने अनुमान गरिएको छ। बागमती प्रदेशको उद्योगमन्त्री सुकुमाया तामाङले यस्ता प्रदर्शनी र मेलाले उद्यमीहरूलाई उत्साह प्रदान गर्ने बताउनुभयो।

जिल्ला बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष कल्पना श्रेष्ठले भन्नुभयो, 'यो मेलाबाट सहकारीले गर्दै आएको कामले थप बजार पाउने विश्वास हामीले लिएका छौं।' मकवानपुरको विकट राक्सिराङमा उत्पादन भएका वस्तुदेखि सिन्धुलीमा उत्पादन भएका वस्तुहरु बिहीबासम्म प्रदर्शनी तथा बिक्रीका लागि राखिएको छ।

# कानुन कार्यान्वयनको अवस्था कमजोर



समाज संवाददाता

हेटौंडा : नेपालमा कानुन निर्माण र कार्यान्वयनको अवस्था कमजोर रहेको बताइएको छ। मानव अधिकार सम्बन्धी कानुनहरु निर्माण भएपनि कार्यान्वयनमा राज्यको कमजोरी रहेको बताइएको छ।

हेटौंडामा मंगलबार आयोजित मानव अधिकारको अवस्था विषयक मिडिया साझेदारी बैठकका सहभागीहरुले राज्यका संरचनाहरु जिम्मेवार बन्न नसक्दा मानव अधिकारका विषय चुनौतिपूर्ण बनिरहेको बताएका हुन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेशको आयोजना तथा पत्रकार महासंघ मकवानपुरको सहकार्यमा भएको बैठकमा सहभागीहरुले संविधानले व्यवस्था गरेको मौलिक र आधारभूत अधिकारसमेत उपभोगमा समस्या भइरहेको बताएका थिए। उनीहरुका अनुसार मानव अधिकारका क्षेत्रमा नीति, नियम बने तापनि कार्यान्वयन पाटो फितलो रहेको छ।

प्रविधिको प्रयोगले मानव अधिाकरका घटना बढाउनुको साथै सुरक्षाको हिसाबले पनि निकै चुनौति थपिएको सहभागीको भनाइ थियो। पछिल्लो समय सामाजिक सञ्जालका कारण बालबालिका शोषणमा पर्ने गरेको र अनलाइन बाल संरक्षणको विषय उठान गर्न आवश्यक रहेको उल्लेख गरिएको छ। दूरदराजमा भएका मानव अधिकार हननका विषयलाई उठान गर्न नसकिएको सहभागीहरुको भनाई थियो। मानव अधिकार स्थापित गराउन पत्रकारको भूमिका अहम् हुने उल्लेख गर्दै मिडिया क्षेत्रमा सम्पादकीय स्वतन्त्रता कमजोर बन्दै गएको उनीहरुको भनाई थियो।

इन्सेक बागमती प्रदेश कार्यालयका प्रमुख गणेश भण्डारीको अध्यक्षतामा बसेको बैठकमा पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर, उपाध्यक्ष हरि हुँमागाई, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, जिल्ला कार्यसमितिका पदाधिकारी तथ सदस्यहरु, पत्रकार प्रताप विष्ट, सुरेश श्रेष्ठ, मकवानपुर जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष अप्सरा बस्नेत, सिविन नेपालका संयोजक झविन्द्र ज्ञवाली, बालकल्याण समाज मकवानपुरका प्रकाश खतिवडा, सञ्चारकर्मी, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

# एक महिनापछि कमाने प्रिमियर लिग क्रिकेट

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता एक महिनापछि हुने भएको छ। कमाने क्रिकेट क्लबको आयोजनामा आउँदो माघ १६ गतेदेखि १९ गतेसम्म तेस्रो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता हुने भएको हो।

सोमबार बसेको कमाने क्रिकेट क्लबको कार्यसमिति बैठकले प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको क्लबका अध्यक्ष किशोर खत्रीले जानकारी दिनुभएको छ। प्रतियोगिता हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयको चौरमा हुने अध्यक्ष खत्रीले बताउनुभयो।

कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिताका लागि मंगलबारबाटै टिम दर्ता प्रक्रिया सुरु गर्ने निर्णय बैठकले गरेको अध्यक्ष खत्रीले बताउनुभयो। गत वर्षजस्तै यस वर्ष पनि प्रतियोगितामा कमानेभित्रका ६ देखि ८ वटा टिमहरुको सहभागिता रहने अनुमान गरिएको उहाँले बताउनुभयो।

लिग प्रणालीमा सञ्चालन हुने

Let's Play Kamane
Kamane Premier League
KPL Season-3

प्रतियोगिता १० ओभरमा खेलाइने उहाँले बताउनुभयो। प्रतियोगितामा प्रत्येक टिमले १ जना बाहिरी खेलाडीलाई पनि सहभागी गराउन पाउने गरी खेल सञ्चालन गर्न लागेको उहाँले बताउनुभयो। प्रतियोगितामा हेटौंडा उपमहानगरपालिका ८ नम्बर वडा कार्यालयको सहयोग रहनेछ।

कमानेभित्रका खेलाडीहरुको पहिचान बढाउन, क्रिकेट खेलको क्रेज बढाउन, खेलाडीहरुबीच भातृत्वको सम्बन्ध कायम गराउन, खेलाडीलाई राष्ट्रियस्तरमा पुऱ्याउन र क्रिकेट खेलको महत्वबारे बुझाउनका लागि यस वर्ष पनि प्रतियोगितालाई निरन्तरता दिन लागेको उहाँले बताउनुभयो। प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि बैठकले विभिन्न विषयमा छलफल गरेको उहाँले बताउनुभयो।

गत वर्ष भएको दोस्रो संस्करणको कमाने टि-१० प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधि कमाने राइडर्सले जितेको थियो। फाइनल खेलमा पहिलो संस्करणको प्रतियोगिताको विजेतासमेत रहेको कमाने हन्टर्सलाई ९ विकेटले हराउँदै राइडर्सले उपाधि चुम्न सफल भएको थियो। यस वर्ष भने क्लबले पुरस्कार राशिको रकम बढाएको उहाँले बताउनुभयो।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान र सर्वोकृष्ट बलरलाई पनि पुरस्कार प्रदान गरिने जनाइएको छ। प्रतियोगिता आयोजनाका लागि करिब ३ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ।

# गाउँपालिकास्तरीय खुला कराँते प्रतियोगिता सम्पन्न, छतिवन डोजोलाई उपाधि

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा गाउँपालिकास्तरीय खुला कराँते प्रतियोगिता सम्पन्न भएको छ। सिमात बुद्ध कराँते डोजोको आयोजनामा गाउँपालिको कालिका आधारभूत विद्यालयको प्राङ्गणमा खुला कराँते प्रतियोगिता सम्पन्न भएको हो।

गाउँपालिकाको ११ नम्बर वडा कार्यालयको प्रायोजनमा सम्पन्न भएको प्रतियोगितामा छतिवन कराँते डोजो टिमले उपाधि जितेको छ। ७ वटा स्वर्ण, ५ वटा रजत र १ काँस्य पदक प्राप्त गर्दै उपाधि जितेको टिमले ट्रफी तथा खेलाडीले प्रमाणपत्र प्राप्त गरेका छन्। उपविजेता बनेको हात्तीसुँडे कराँते डोजो टिमले ७ स्वर्ण, १ रजत र ८ कास्य पदक प्राप्त गरेको छ। ३ वटा स्वर्ण, ९ वटा रजत र ९ वटै काँस्य पदक जितेको आयोजक सिमात डोजो टिम तृतीय स्थानमा परेको छ।

प्रतियोगिताको समापन समारोहलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले आफ्नो कार्यकालमा खेलाडीले खेलेरै जीविकोपार्जन गर्नसक्ने वातावरण बनाउन प्रयास गर्ने बताउनुभएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म खेलाडीको पहिचानलाई बढाएर राज्यले राम्ररी व्यवस्थापन गर्न नसकेको भन्दै उहाँले आफ्नो कार्यकालमा खेलाडीहरुको पहिचान र विकासका लागि काम गर्ने विश्वास दिलाउनुभयो।

मन्त्री भएपछि अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता खेलाडीलाई कार्यविधि नै बनाएर नगद पुरस्कारसहित सम्मान गर्ने कार्यको सुरुवात गरिसकेको उहाँले बताउनुभयो। मन्त्री महर्जनका अनुसार मकवानपुरले खेलकुद क्षेत्रको इतिहास बोकेकाले खेलकुद क्षेत्रको विकासको लागि सक्दो पहल गर्ने प्रष्ट पार्नुभयो।


गाउँपालिकामा कराँते खेलको विकास गर्न, खेलाडीहरु उत्पादन गर्न, खेलाडीलाई राष्ट्रिस्तरमा पुऱ्याउन र खेलको महत्व बुझाउनका लागि प्रतियोगिता आयोजना गरेको अयोजकले जानकारी दिएको छ। गाउँपालिकाको खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङको सभाध्यक्षमा प्रतियोगिताको पुरस्कार वितरण समारोह भएको हो।

## अहिलेको सरकार...

केही व्यक्ति कुरा बेचिरहेको र केही व्यक्तिहरु काम बेच्ने काम गरिरहेको बताउनुभयो। उहाँका अनुसार काम गर्नेलाई समस्या नहुने तर, कुरा बेच्नेहरु जेल जान परिरहेको छ।

देश मिलाउन सक्ने क्षमता राख्ने कांग्रेस आन्तरिक विवादमा अल्झिएको बताउनुहुँदै कांग्रेसको आन्तरिक विवाद समाधान नहुँदा पार्टीलाई क्षति पुगिरहेको स्वीकार्नुभयो। पार्टीका सम्बन्धित समितिमा रहेका असन्तुष्टिका विषयमा छलफल गरी एजेन्डा निर्माण गर्नुपर्ने बानियाँले बताउनुभयो। 'कांग्रेस आन्तरिक विवादमा फसेको छ। कांग्रेसले देश मिलाउने क्षमता राख्छ। तर, पार्टी मिलाउन सकेन। कांग्रेसको नेतृत्वमा शान्ति प्रक्रिया, संविधान निर्माण, प्रजातन्त्रका सवालमा सबै दलहरु एक हुन सक्छन्। तर पार्टीका आन्तरिक विषयमा एक हुन सकिरहेको छैन।' कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेता बानियाँले भन्नुभयो, 'आगामी महाधिवेशनमा मैले महामन्त्रीको उम्मेदवारीको तयारी गरेको छैन। मलाई उम्मेदवारको रुपमा व्याख्या गरिएको प्रति आपत्ति छ। मलाई कांग्रेस बलियो बनाउन पद चाहिन्न। म कांग्रेस बलियो बनाउन काममा सक्रिय छु।'

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ